# रामपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रामपुर पाल्पा, ५ नं प्रदेश नेपाल

**करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धि सुचना**

(प्रथम पटक प्रकाशित मिति: २०७५।०६।०२)

यस रामपुर नगर कार्यपालिका कार्यालय अर्न्तगतका स्वास्थ्य संस्थाहरुका लागि देहाय अनुसारको पदहरु सेवा करारद्वारा पुर्ति गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्न बमोजिमका योग्यता पुगेका इच्छुक उम्मेदवारले यस कार्यालयमा दरखास्त दिनुहुन यो सुचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद/तह | आवश्यक संख्या |
|---|---|---|---|
| १. | १।२०७५।७६ | अ.न.मी. | १ (एक) गेझा स्वा.चौकी, वर्थिङ सेन्टर |
| २. | २।२०७५।७६ | अ.हे.व. | १ (एक) शहरी स्वा केन्द्र मटेरी |
| ३. | ३।२०७५।७६ | कम्प्युटर अपरेटर | १ (एक) रामपुर अस्पताल |

**परीक्षाको किसिम** : लिखित, प्रयोगात्मक र अन्तरवार्ता ।
**दरखास्त दिने स्थान** : रामपुर नगर कार्यपालिका कार्यालय, प्रशासन शाखा ।
**दरखास्त दिने अन्तिम मिति** : प्रथम पटक प्रकाशित मितिले १५ दिनभित्र । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुल्ने दिन ।
**परीक्षा केन्द्र र मिति** : दरखास्त दिने अन्तिम दिनमा तोकिनेछ ।
**परीक्षा दस्तुर** : रु.३०० ।
**दरखास्त फाराम पाईने स्थान** : रामपुर नगर कार्यपालिका कार्यालय (प्रशासन शाखा),
**लिखित परीक्षाको पाठ्यक्रम** : सम्वन्धित पदकालागि लोक सेवा आयोगको पाठ्यक्रम अनुसार ।
**सेवा सुविधा** : नगर पालिकाको निर्णय बमोजिम
**आवश्यक कागजातहरु**: नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, विज्ञापन नं. १ र २ को पदका लागि स्वास्थ्य व्यवसायी परिषदमा दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
**उमेर हद** : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको महिलाको हकमा ४० वर्ष ननाघेको ।
**न्युनतम शैक्षिक योग्यता एवं अनुभव** : (क) अ.न.मी.को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी कोर्स उत्तीर्ण गरेको हुनुपर्नेछ । एस.वि.ए. तालिम लिएको लाई प्राथमिकता दिईनेछ ।
(ख) अ.हे.व. को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सि.एम.ए कोर्स उत्तीर्ण गरेको हुनुपर्नेछ ।
(ग) कम्प्युटर अपरेटरको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ उत्तीर्ण गरी कम्प्युटर सम्बन्धि Diploma तालिम पुरा गरेको हुनुपर्नेछ ।
(घ) अन्य प्रचलित कानुनले अयोग्य नरहेको ।

**थप : जानकारीका लागि यस रामपुर नगरपालिका कार्यालयमा सम्पर्क राख्नु होला ।**

**कर्मचारी छनौट तथा सिफारिस समिति**
**रामपुर नगर कार्यपालिकाको कार्यालय**